annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २६३ पृष्ठ ८ | काठमाडौं, सोमबार १४ माघ २०८१ | मार्ग कृष्णपक्ष त्रयोदशी, नेपाल संवत् ११४५ | MONDAY, JANUARY 27, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## गति लिँदै लुम्बिनीका गतिला आयोजना

नेतै-नेता जन्माउने थलो हो, लुम्बिनी । राष्ट्रिय राजनीतिमा प्रत्यक्ष पहुँच राख्ने फरक-फरक दलका नेताहरू यही प्रदेशका छन् । जतिसुकै बेला सरकार फेरिए पनि लुम्बिनीबाट राज्यसत्तामा उपस्थित भइरहन्छ । त्यसैको परिणाम स्वरूप पछिल्लो समय केही ठूला र गौरवका आयोजनाले लुम्बिनीको पहिचान बनाएका छन् । गति लिएका योजनाहरू समयमै पूरा भएमा सिंगो लुम्बिनीको अनुहार फेरिने छ । राष्ट्रिय गौरबका ८ वटासहित दर्जनौं ठूला आयोजना अहिले निर्माणका क्रममा छन

**केशरराज क्षेत्री** | *बुटवल*

**– को रिपोर्ट**


गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल


सिद्धबाबा सुरुङमार्ग


सिक्टा सिँचाइ आयोजना


बबई सिँचाइ आयोजना।

समाचार पृष्ठ २

## कांग्रेसका सांसदलाई अध्यादेशबारे विज्ञको ब्रिफिङ



**राधा खनाल** | *काठमाडौं*

सत्तासीन कांग्रेसले सरकारद्वारा हालै जारी अध्यादेशबारे पार्टीका सांसदहरूलाई जानकारी गराएको छ। प्रतिनिधिसभा र राष्ट्रियसभाका पार्टीका सांसदहरूलाई तीन जना विज्ञमार्फत अध्यादेशका विषयवस्तुबारे कांग्रेसले जानकारी गराएको हो। सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले हालै पाँचवटा अध्यादेश जारी गरेका थिए। संसदलाई छलेर अध्यादेश ल्याइएको भन्दै केही नेताहरूले असन्तुष्टि जनाएपछि कांग्रेसले पार्टीका सांसदलाई अध्यादेशका विषयवस्तुबारे जानकारी गराएको हो।

नयाँ बानेश्वरस्थित संघीय संसद् भवनको ल्होत्से हलमा आइतबार बसेको संसदीय दलको बैठकमा योजनाविद् प्रताप पौडेल, अधिवक्ताहरू सेमन्त दाहाल र अरूण पौडेलले सांसदहरूलाई अध्यादेशका अन्तरवस्तुबारे जानकारी दिएका थिए। कांग्रेसका तर्फबाट उनीहरूले अध्यादेश ल्याउनुअघि कानुनी सुधारका लागि काम गरेका थिए। संसद सुरु हुनेबित्तिकै प्रतिस्थापन विधेयक ल्याएर स्वीकृत गर्ने तयारीमा सरकार छ।

कांग्रेस सभापति शेरबहादुर देउवाले संसद्मा अध्यादेशका पक्षमा उभिन शनिबार पनि पदाधिकारी, पूर्वपदाधिकारी, मन्त्री र संसदीय दलको कार्यसमिति बैठकमा निर्देशन दिएका थिए। उनले अध्यादेशबारे असन्तुष्टि भए संसदीय दलको बैठकमा राख्नुपर्ने तर संसद्मा भने अध्यादेशकै पक्षमा उभिन निर्देशन दिएका थिए। संघीय संसद्को प्रतिनिधिसभा र राष्ट्रियसभाको बैठक माघ १८ गतेका लागि बोलाइएको छ। हालै सरकारले ल्याएका अध्यादेशहरूमा कांग्रेसले आफ्ना फरक मत वा असहमति भए पनि संसद्मा त्यसलाई व्यक्त गर्न नपाइने निर्णय गरेको छ। यद्यपि संसद् छलेर एकपछि अर्को अध्यादेश ल्याएपछि कांग्रेसकै धेरै नेताले सरकारको आलोचना गर्दै आएका थिए। तर, सभापति देउवालगायतका पदाधिकारीले अहिलेको सरकारलाई अध्यादेश ल्याउनु वर्तमानको बाध्यात्मक आवश्यकता रहेको बताएका छन्।

संसद्मा एउटै स्वरका साथ अध्यादेशका पक्षमा प्रस्तुत हुने निर्णय संसदीय दलको बैठकमा भएको पार्टीका प्रमुख सचेतक श्याम घिमिरेले जानकारी दिए। 'तीन जना विज्ञलाई सहभागी गराएर अध्यादेशका विषय वस्तुबारे छलफल गर्‍यौं,' प्रमुख सचेतक घिमिरेले भने, 'उहाँहरूले अध्यादेशका विभिन्न पक्षबारे प्रकाश पार्नुभएको छ। अध्यादेशमा केही त्रुटि छन् कि, केही कन्टेन्ट सच्याउनुपर्छ कि भनेर उहाँहरूलाई सहभागी गराएर राय सुझाव लिइएको हो।'

» बाँकी पृष्ठ ६

## १ करोड धरौटीमा रवि लामिछाने रिहा

**सलमान खान** | *भैरहवा*



राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं गोर्खा मिडिया नेटवर्क प्रालिका पूर्वप्रबन्ध निर्देशक रवि लामिछानेलाई जिल्ला अदालत रुपन्देहीले धरौटीमा छाड्न आदेश दिएको छ। १ करोड धरौटी राखेर लामिछाने आइतबार नै रिहा भएका छन्।

बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन प्रकरणमा लामिछानेसमेत विरुद्ध दर्ता भएको सहकारी ठगी र संगठित अपराध मुद्दाको थुनछेक बहसपछि अदालतले लामिछानेलाई धरौटीमा छाड्ने आदेश दिएको थियो। जिल्ला न्यायाधीश प्रल्हादकुमार योगीको इजलासले लामिछानेलाई १ करोड रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको जिल्ला अदालत रुपन्देहीका स्रेस्तेदार यज्ञमूर्ति ज्ञवालीले जानकारी दिए।

» बाँकी पृष्ठ ६




## राप्ती स्वास्थ्य विज्ञानका उपकुलपतिको योग्यतामा प्रश्न

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

राप्ति स्वास्थ्य विज्ञान अध्ययन प्रतिष्ठानको उपकुलपतिमा नियुक्त डा. विकास लामिछानेको योग्यता विवादमा परेको छ। आवश्यक योग्यता नपुगी लामिछानेलाई उपकुलपति नियुक्त गरिएको भन्दै परेको उजुरीमा राष्ट्रिय सतर्कता केन्द्रले छानबिन गरिरहेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि लामिछानेको योग्यताबारे उजुरी परेको छ।

प्रतिष्ठानको नियमावलीले मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर (एमडी/एमएस/पीएचडी उपाधि ) प्राप्त गरी प्राध्यापक पदमा कम्तीमा ५ वर्ष अनुभव हासिल गरेको व्यक्ति उपकुलपतिमा नियुक्त हुने प्रावधान छ। प्रतिष्ठानको सभाले बनाएको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान विभिन्न निकाय तथा पदाधिकारीको काम, कर्तव्य र अधिकारसम्बन्धी नियमावली ०७४ को परिच्छेद-८ (पदाधिकारीको मापदण्ड, काम, कर्तव्य र अधिकार ) अन्तर्गत नियम ४० (क) मा यस्तो व्यवस्था छ।






उपकुलपति डा. नेपाल सरकारको एघारौं तहबाट अवकाश प्राप्त चिकित्सक हुन। उनले नियमावलीले किटान गरेको स्नातकोत्तर (एमडी/ एमएस/पीएचडी उपाधि ) हासिल नगरेको उजुरीमा दाबी छ। त्रिवि शिक्षण अस्पतालमा एमबी बीएस अध्ययनपश्चात् अमेरिकास्थित जोन होप्किन्स विश्वविद्यालयबाट ११ महिने एमपीएच (मास्टर्स इन पब्लिक हेल्थ ) तालिम मात्र लिएको उजुरीमा उल्लेख छ ।'एमपीएच उत्तीर्ण गरेर कम्तीमा तीन वर्ष अध्ययन गरेर मात्र एमडी/एमएस/पीएचडी उपाधि नेपाललगायत संसारभर प्राप्त गर्न सकिन्छ,' उजुरीमा भनिएको छ- नियमावलीले तोकेको मापदण्ड (शैक्षिक योग्यता) उनले पूरा गरेका छैनन्। डा. लामिछानेले अझै ३ वर्ष अध्ययन गर्नुपर्छ।' लामिछानेको आवश्यक योग्यता नै नपुगी नियुक्ति भएको विषयमा पटक-पटक उजुरी परेको सतर्कता केन्द्रले जनाएको छ। राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ को दफा ८ (ग) ले प्रतिष्ठानको नियम बनाउने अधिकार प्रधानमन्त्री एवं प्रतिष्ठानका कुलपतिको अध्यक्षता र स्वास्थ्य तथा जनसंख्यामन्त्री एवं प्रतिष्ठानका सहकुलपतिको उपाध्यक्षतामा बस्ने सभा (सिनेट) लाई मात्र दिएको छ।

सिनेटले बनाएको नियमावली सिनेटले मात्र संशोधन गर्न सक्छ। मुलुकभरका स्वास्थ्य विज्ञान प्रतिष्ठान र विश्वविद्यालयहरूमा यो नियम लागू हुन्छ।। नेपाल सरकार (मन्त्रिपरिषद्) वा मन्त्रालय (मन्त्री/सचिवस्तर) को निर्णयले सिनेटले बनाएको नियम परिवर्तन गर्न सक्दैन। यो विषयमा सतर्कता केन्द्रले मेडिकल काउन्सिललाई विवरण पनि मागेको थियो। सम्बन्धित निकायहरूसँग आवश्यक कागजात र विवरण मागिएको सतर्कता केन्द्रले पनि जनाएको छ।

मेडिकल काउन्सिलको जवाफले उपकुलपति डा. लामिछानेको ११ महिने एमपीएच डिग्री प्रतिष्ठानको नियमावलीले तोकेको स्नातकोत्तर (एमडी/एमएस/पीएचडी उपाधि सरह नरहेको स्पष्ट पारेको पनि उजुरीमा उल्लेख छ । राष्ट्रिय सतर्कता केन्द्रका सूचना अधिकारी हीरामणि सुवेदीले यस विषय छानबिन प्रक्रियामा रहेको जानकारी दिए।

डा. लामिछानेलाई उपकुलपति नियुक्ति गर्दा 'स्वास्थ्य मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, ०७३ लाई आधार मानेर ०७८ पुस ५ गते मन्त्रालयस्तरको निर्णयद्वारा उपकुलपति नियुक्त गरिएको उजुरीमा छ। प्रतिष्ठानको सिनेटले बनाएको नियमावली मिचेर राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान उपकुलपति नियुक्ति कार्यविधि २०७८' स्वीकृत गरी सोही आधारमा नियुक्ति गरिएको उजुरीमा उल्लेख छ ।

» बाँकी पृष्ठ ६


